Riviera International Academy

**आदरणीय अभिभावकज्यू,**

**यही मिति २०७७ साल भाद्र ११ गते बिहीवारदेखी १९ गते शुक्रबारसम्म यस शैक्षिक सत्र २०७७ को प्रथम चौमासिक परीक्षा सञ्चालन गर्न लागेकाले आफ्न नानीबाबुको पढाईमा ध्यान पुर्याइदिनिहुन हार्दिक अनुरोध गर्दछौँ। अनलाइन माध्यमबाट शिक्षण सिकाइ सञ्चालन भईरहेको सन्दर्भमा परीक्षा पनि अनलाइन माध्यमबाट नै हुने कुरा जानकारी गराउन चाहन्छौँ।**

**प्रथम चौमासिक परीक्षाको प्रारूप यसप्रकार रहेको छ।**

**Online Exam (Multiple Choice Questions):** 20 Marks

**Online Exam (Writing Test):** 20 Marks

**Open Book Test**: 15 Marks

**Project Work/Presentation**: 10 Marks

**Oral Test**: 5 Marks

**Assignment**: 5 Marks

**Attendance**: 5 Marks

**Total: 80 Marks**

**Online Exam (Multiple Choice Questions): यस परीक्षा अन्तर्गत २० वटा प्रश्न सोधिनेछ, प्रत्येक प्रश्नका तीन वा चार भिन्न उत्तर हुनेछन । परीक्षार्थीले सही उत्तरमा टिक लगाउनुपर्नेछ।**

**Online Exam (Writing Test): यस परीक्षा अन्तर्गत दिइएको ४० मिनेटको समय भित्रमा शिक्षक-शिक्षाकाले स्क्रिन सेयर गरेका प्रश्नहरूका उत्तर आफुनो उत्तरपुस्तिकामा गर्नुपर्नेछ र सोही समय भित्रमा उत्तरको फोटो खिची गूगल क्लासरूममा पोस्ट गर्नुपर्नेछ।**

**Open Book Test: यस परीक्षा अन्तर्गत शिक्षक-शिक्षिकाले २ वटा देखी ५ वटा सम्म प्रश्नहरू उपलब्ध गराउनु हुनेछ । उत्तर खोज्नका लागि विद्यार्थीले आफ्नो पाठ्यपुस्तक वा अन्य सन्दर्भ सामाग्री प्रयोग गर्न सक्नेछन र उत्तर आफ्नै भाषामा लेखिएको हुनुपर्नेछ (केही अपबाद बाहेक) । दिइएको समययाबधी भित्रमा उत्तरपुस्तिकाको फोटो खिची सम्बन्धित बिषयको गूगल क्लासरूममा पोस्ट गर्नु पर्नेछ । औपचारिक परीक्षा अगाडिनै शिक्षक-शिक्षिकाले अभिभावकज्यूहरूलाई अग्रिम जानकारी गराइ यो परीक्षा लिनुहुनेछ ।**

**Project Work/Presentation**: यस परीक्षा अन्तर्गत शिक्षक-शिक्षिकाले परीयोजना कार्यका लागि प्रश्नहरू उपलब्ध गराउनुहुनेछ र निश्चित समययाबधी उपलब्ध गराउनुहुनेछ। उक्त समय भित्रमा आफ्नो पारीयोजना कार्य सम्पन्न गरी त्यसको फोटो खिची गूगल क्लासरूम मा पोस्ट गर्नु पर्नेछ। औपचारिक परीक्षा अगाडिनै शिक्षक-शिक्षिकाले अभिभावकज्यूहरूलाई अग्रिम जानकारी गराइ यो परीक्षा लिनुहुनेछ।

**Oral Test**: यस परीक्षा अन्तर्गत शिक्षक-शिक्षिकाले एउटा देखी पाँचवटा सम्म प्रत्यक्ष प्रश्न सोध्नुहुनेछ। जसलाई सोधेको हो सम्बन्धित विद्यार्थीले अडियो अन गरी प्रश्नको उत्तर दिनुपर्नेछ । औपचारिक परीक्षा अगाडिनै शिक्षक-शिक्षिकाले अभिभावकज्यूहरूलाई अग्रिम जानकारी गराइ यो परीक्षा लिनुहुनेछ।

**Assignment**: यस अन्तर्गत गृहकार्य हेर्न शुरु गरेदेखी परीक्षा शुरु हुने बेलासम्म यहाँको नानीबाबुले गृहकार्य नियमित बुझाएको छ कि छैन, पुरा गरेको छ कि छैन, राम्रो गरेको छ कि छैन ? का आधारमा अंक दिइनेछ।

**Attendance**: यस अन्तर्गत विद्यार्थीले नियमित रुपमा कक्षा लिइरहेको आधारमा नियमितता हेरी मुल्याङ्कन गरी अंक प्रदान गरिनेछ।

परीक्षाको Syllabus सम्बन्धित शिक्षक-शिक्षिकाहरूले सम्बन्धित मेसेन्जर ग्रुपमा उपलब्ध गराउनुहुनेछ।

परीक्षाको प्रारूप बिद्यालयको वेबसाईट www.riviera.edu.np मा पनि उपलब्ध छ।

परीक्षा बिभाग

रिभेरा इन्टरनेसनल एकेडेमी